
# Citizen Portal बाट eNID डाउनलोड गर्ने र eNID प्रयोग गर्ने कार्यविधि

कुनै पनि Web Browser मा गएर citizenportal.donidcr.gov.np मा जानुहोस् ।





माथिको तस्बिरमा En मा Click गर्दा अंग्रेजी भाषामा Citizen Portal खुल्दछ्




eNID डाउनलोड वा Download Your eNID box मा Click गरेर अगाडि बढ्नुहोस् ।

तलको Screen अनुसार राष्ट्रिय परिचयपत्रमा रहेका आफ्नो पूरा नाम नेपालीमा, अंग्रेजीमा पूरा नाम, जन्म मिति र नागरिकताको जारी मिति र दिइएको क्याप्चा प्रविष्टि गर्नुहोस् । उदाहरणका लागि तल देखाइए बमोजिम प्रविष्टि गर्नुहोस् ।





आफ्नो विवरण प्रविष्टि भएपश्चात् खोज्नुहोस्मा Click गरेर अगाडि बढ्नुहोस् । यस पश्चात तपाईंको राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्दा बखत प्रविष्टि भएको मोबाई नम्बरमा म्यासेज मार्फत छ अङ्कको One Time Password (OTP) पठाईनेछ ।

यदि तपाईले राष्ट्रिय परिचय पत्रको विवरण दर्ता गर्दा बखत मोबाईल नम्बर प्रविष्टि गर्नु भएको छैन भने नजिकको राष्ट्रिय परिचय पत्रको विवरण दर्ता इकाईमा गई आफ्नो मोबाईल नम्बर अद्यावधिक गर्नु होला । यो प्रकियाको लागि पनः कुनै पनि प्रकारको वैयक्तिक विवरण तथा जैविक विवरण (फोटो खिच्ने, औँठा छाप तथा आँखाको नानी) उपलब्ध गराउनु पर्ने छैन ।


माथिको तस्बिरको खोज्नुहोस्मा Click गरिसके पश्चात देहाय अनुसारको Page आउदछ ।




तपाईँको राष्ट्रिय परिचय नम्बर (NIN) सँग आवद्ध मोबाईल नम्बरमा म्यासेज मार्फत छ अङ्कको One Time Password (OTP) पठाईएको ढाँचा देहाय अनुसारको हुनेछ ।




तपाईँको राष्ट्रिय परिचय नम्बर (NIN) सँग आवद्ध मोबाईल नम्बरमा म्यासेज मार्फत OTP प्रविष्टि गर्नुहोस् । उदाहारणको लागि देहायको तस्विर राखिएको छ ।






यदि तपाईँले OTP प्राप्त गर्नुभएन भने माथि तस्बिरको OTP पुनः पठाउनुहोस् link मा click गरेर OTP पुनः प्राप्त गर्ने सक्नु हुने छ ।

तपाईले छ अङ्को OTP प्रविष्टि गरे पश्चात OTP प्रमाणित गर्नुहोस् Button मा click गर्नुहोस् । प्रमाणित भए पश्चात देहायको राष्ट्रिय परिचय नम्बर र फोटो सहितको विवरण भएको Box प्राप्त गर्नु हुने छ । उक्त Box को कार्ड डाउनलोड गर्नुहोस् Button मा click गरेर तपाईले आफ्नो eNID Download गर्न सक्नु हुने छ ।




कार्ड डाउनलोड गर्नुहोस् Button मा click गरे पश्चात Password Protected PDF फाईल Download हुने गर्दछ । उक्त Download भएको PDF लाई खोल्नको लागि देहायको तस्विरमा देखिए झै Password आवश्यक पर्दछ । Password को ढाँचा अंग्रेजीको पूरा नामको पहिलो चार अक्षर ठूलो अक्षर (Capital Letter) र जन्म मिति (वि.सं.) को पहिलो  चार अङ्क (YYYY-MM-DD) उदाहरणको लगि यदि तपाईको नाम RAMESH र जन्म मिति २०५०-०१-०१ हो भने, तपाईको पासवर्ड RAME2050 हुने छ ।






Password राखेर Submit गरेपछि माथि तस्विरमा देखाए बमोजिम PDF format मा eNID प्राप्त हुन्छ। आवश्यकता अनुसार Google Drive, download वा Print गरी सुरक्षित राख्नु होस। देखिएको QR आफ्नो Mobile को QR scanner बाट पनि रूजु गर्न सकिनेछ।